अनुसुचि १
(दफा ३ संग सम्बन्धित)

श्री राष्ट्रिय पुननिर्माण प्राधिकरण

# पुनराबेदन समितिमा चढाएका

## **पुनरावेदनपत्र**

संवत २०७७ सालको पुनराबेदन नं.

दा

वा

नवलपरासी जिल्ला साबिक .....................गा.बि.स.हाल .....................
गाउँपालिका/नगरपालिका वडा नं........ बस्ने ......................... को नाती
......................को छोरा/ छोरी बर्ष...... को ....................................... पुनरावेदक वादी

**विरुद्ध**

श्री राष्ट्रिय पुननिर्माण प्राधिकारण, सिंहदरवार काठमाडौ........................... १ विपक्षी प्रतिवादी
श्री राष्ट्रिय पुननिर्माण प्राधिकारण, कार्यकारी समिति सिंहदरवार काठमाडौ..... २
श्री राष्ट्रिय पुननिर्माण प्राधिकारण, जिल्ला कार्यालय, काठमाडौ................. ३

**मुद्दा : पुर्णक्षती घरलाई लाभग्राही सुचिमा नराखेको ।**

निर्णय गर्ने निकाय :- राष्ट्रिय पुननिर्माण प्राधिकारण
निर्णय गर्ने अधिकारी :- प्रधिकरण कार्यकारी समिति
निर्णय मिति :२०७६/..../......
निर्णय थाहा पाएको मिति :-२०७७/....../........

उपरोक्त उल्लिेखित कार्यालयले खटाएका प्राबिधकको प्रतिबेदन सम्बन्धमा चित्त नबुझी सो उपर प्राधिकरणको जिल्ला कार्यालयमा गुनासो दर्ता गराएकोमा उक्त गुनासो राष्ट्रिय पुननिर्माण प्राधिकरण कार्यकारी समितिको मिति २०७६/...../....... को निर्णयमा मेरो चित्त नबुझेको हुंदा राष्ट्रिय पुननिर्माण प्राधिकरण पुनराबेदन कार्यबिधि २०७३ बमोजिम तोकिएको हद म्याद भित्रै देहाय बमोजिमको माग दाबीजिकिर लिई यो पुनराबेदनपत्र प्रस्तुत गरेको छु । राष्ट्रिय पुननिर्माण प्रधिकरण कार्यकारी समितिबाट भएको त्रुटिपूर्ण निर्णय उल्टी गरी पुनरावेदन माग बमोजिम गरी न्याय इन्साफ दिलाई पाऊ ।

दा वा

१. नवलपरासी (ब.स.पू.) जिल्ला साविक ................ गा.वि.स. वडा नं. ....... हाल ........... गाँउपालिका।नगरपालिकाको वडा नं. ........मा मेरो वसोवास छ। ........ जनाको परिवार रहेको मेरो घरवारी .................... (...............) को नाममा जग्गादर्ता कायम छ। २०७२ सालको भुकम्प अघि मेरो घर ...................... को थियो र भुकम्पले पूर्ण क्षति भइ हाल उक्त घर बस्न नसक्ने अवस्थामा छ/भत्काई सकेको छु। हाल मेरो परिवार एउटा सानो कामचलाउ वास बस्ने व्यवस्था गरी बसेका छौ।

२. भुकम्पले घर भत्कीए पछि तत्काल वडा कार्यालय, जनप्रतिनिधि तथा सर्वदलिय संयन्त्रले घर निरीक्षण गरी वडा कार्यालय मार्फत १० हजार र ५ हजार सहयोग रकम पाएको र रातो कार्ड समेत दैवि प्रकोप व्यवस्थापन समिति मार्फत प्राप्त गरेको थिए। अन्यत्र घर नभएको तथा परिवारका सबै सदस्यको कुनै थप आए समेत नभएकोले हामीले तत्काल अर्को घर बनाउन सकेनौ। सो को जानकारी वडा कार्यालयमा समेत रहेको छ।

३. पहिलो पटक भएको सर्वेक्षणमा आफुले खवर समयमा नपाएको र सर्वेक्षण गर्न आएका प्राविधिकलाई घर हेर्न भन्दा लिष्टमा नाम समावेश भएको छैन भन्दै घर निरीक्षण गरेन्न। पछि गुनासो दर्ता विधि मार्फत समस्या समाधान हुने भन्दै वडा कार्यालयमा गुनासो दर्ता नं. .............मा दर्ता गरे र प्राविधिक श्री ................................ ले मेरो घर निरीक्षण गरी मलाई निस्सा समेत दिनु भएको छ। घर पूर्ण रुपमा भत्किएको र म लाभग्राही सूचिमा समावेश हुनु पर्ने तर सिष्टमले नया घर बनाएकोलाई लाभग्राही सूचिमा समावेश नगरेको जानकारी पाए। पूर्ण रुपमा घर भत्किएर नया घर बनाएको म लाभग्राही हुनु पर्नेमा नहुदा अचम्मित भएको छु। मलाई लाभग्राही सूचिमा राख्नु पर्ने कारण देहाय बमोजिम छन :
मेरो घर पूर्ण रुपमा भुकम्पले भत्किएको र बसोवासयोग्य छैन, अन्त्रय घर समेत छैन। नया घर समेत बनाएको छु। मलाई वडा कार्यालयले घर निरीक्षण गरी नया घर बनाएको भनी सफारीस समेत दिएको छ।

४. राष्टिय पुनर्निर्माण प्राधिकरणको ऐन, कार्यविधि अनुसार भुकम्पबाट घर भत्किएको र अन्यत्र बसोवास योग्य घर नभएका व्यक्ति लाभग्राही हुनेछन भनी लेखिएको मेरो पनि घर भुकम्पले भत्किएको तथा एकाघर परिवारको नाममा अन्यत्र घर समेत नभएको हुदा म जस्ता पिडितलाई ठूलो समस्या परेकोले कार्यकारी समितिको गैरलाभग्राही कायम गर्ने निर्णयलाई बदर गरी मलाई लाभग्राही कायम गरी अनुदान रकम उपलव्ध गराउने गरी इन्साफ पाउँ।

५. पुनरावेदनदर्ता गर्न लाग्ने दस्तुर नगदै यसैसाथ संलग्न छ।

६. संलग्न कागजात हरू :
क. स्थानीय तहको किटानी सिफारीस पत्र
ख. सर्वेक्षण निस्सा, नागरिकताको प्रतिलिपि,
ग. हालको घरको अवस्थाको फोटोहरु थान ...............

७. लेखिएको व्यहोरा ठीक छ, झूटो ठहरे कानुन बमोजिम होस्।

पुनरावेदक
...........................

इति संवत् २०७७ साल आषाढ गते ........... रोज....... शुभम्.....................................

दा वा